# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत आयोजना



## मासिक प्रगति प्रतिवेदन

## २०७२–२०७३

## माघ,फगुन,चैत्र र बैशाख

## काठमाण्डौ, नेपाल

# विषय सूची


| खण्डहरु | विषय सूची | पेज नम्बर |
|---|---|---|
| खण्ड १ | परिचय | १ |
| खण्ड २ | मुख्य कार्यहरु | ३ |
| खण्ड ३ | आ.व. २०७२ र ७३ मा संचालित क्रियाकलापहरु | ५ |
| खण्ड ४ | कार्यान्वयनको अवस्था | ७ |
| खण्ड ५ | मुख्य समस्याहरु | १४ |
| खण्ड ६ | निर्माण समयतालिका र लागत अनुमानसम्बन्धी | १४ |
| खण्ड ७ | कर्मचारी र सांगठनिक ढाँचा | १५ |
| खण्ड ८ | विविध | १८ |
| | अनुसूची | |

# खण्ड १ : परिचय

## १.१ मध्य भोटेकोशी जलविद्युत आयोजना

यो आयोजना बाग्मती अञ्चल, सिन्धुपाल्चोक जिल्लाको मार्मिङ्ग र गाती गा.वि.स. मा रहेको छ । भोटेकोशी नदीमा निर्माण हुने यो आयोजनाको क्षमता १०२ मेगावाट रहेको छ भने औसात वार्षिक उत्पादन ५४ करोड २३ लाख युनिट हुनेछ । आयोजनाको ग्रस हेड २३५ मिटर र डिजाइन डिस्चार्ज ५०.८ घनमिटर प्रति सेकेण्ड रहेको छ । यस आयोजनाबाट उत्पादित विजुली २२० किलो भोल्ट सिंगल सर्किट प्रसारण लाईन मार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा जडान गरिनेछ । आयोजनाको प्राविधिक विवरण र नक्सा क्रमसः अनुसूची -१ र अनुसूची -२ मा संलग्न गरिएको छ ।

नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-विक्री सम्झौता (PPA) अनुसार आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याकट ईनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षयाममा प्रति युनिट रु ४/८० र सुख्खायाममा रु ८/४० र त्यसपछि ८ वर्षसम्म ३% को दरले वार्षिक वृद्धि हुनेछ । आयोजनाको कूल स्वीकृत लागत अनुमान निर्माण अवधिको व्याज बाहेक ने. रु. १२ अर्ब २८ करोड रहेको छ । जस मध्ये ऋृण ५०% र स्वामित्व पूंजी ५०% रहने छ ।

## १.२ मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

आयोजना निर्माण गर्न मध्य भोटेकोशी जल विद्युत कम्पनी लिमिटेड २०६७ श्रावण १३ गते नेपाल सरकार, उद्योग विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत दर्ता गरिएको छ । यस कम्पनीमा देहाय बमोजिमका ६ सदस्यिय सञ्चालक समिति रहेको छ ।

१. चिलिमे जल विद्युत कम्पनीबाट मनोनित ३ जना

२. नेपाल विद्युत प्राधिकरणबाट मनोनित १ जना

३. कर्मचारी संचयकोषबाट मनोनित १ जना

४. स्थानिय कम्पनीहरुबाट मनोनित १ जना

हाल संचालक समितिको अध्यक्षमा चिलिमेबाट मनोनित श्री कन्हैया कुमार मानन्धर रहनु भएको छ ।

कम्पनीको शेयर संरचना देहाय बमोजिम रहेको छ :-

| | |
|---|---|
| १. चिलिमे जल विद्युत क. लि. | ३८% |
| २. नेपाल विद्युत प्राधिकरण | १०% |
| ३. नेपाल अरनिको हाइड्रो पावर कं. प्रा. लि. | १% |
| ४. सिन्धु ईन्भेष्टमेन्ट प्रा.लि. | १% |

| | |
|---|---|
| ५. सिन्धुपाल्चोक हाईड्रो पावर कं. लि. | १% |
| ६. प्रवर्द्धक तथा आयोजनामा लगानी गर्ने कम्पनीका कर्मचारी | ४.५ % |
| ७. सञ्चयकोष सञ्चयकर्ता | १९.५% |
| ८. स्थानीय जनता | १० % |
| ९. सर्वसाधारण | १५% |

मिति २०६८ मंसिर २२ गते मध्य भोटेकोशी जल विद्युत कम्पनी, प्रवर्द्धक चिलिमे जलविद्युत कम्पनी र कर्मचारी संचयकोष बिच आयोजनालाई आवश्यक आर्थिक स्रोत मध्ये ५० प्रतिशत दीर्घकालिन ऋण लगानीको लागि त्रिपक्षीय सम्झौता भएको थियो ।

# खण्ड २ : मुख्य कार्यहरु

## २.१ तथ्यगत विवरण

– विद्युत खरिद सम्झौता मिति : २०६८/०७/२८ (2011/11/14AD)
- वित्तिय व्यवस्थापन मिति : २०६८/०८/२२ (2011/12/08AD)
– उत्पादन लाइसेन्स प्राप्त मिति : २०७०/०८/१८(2013/12/03AD)
- व्यपारिक उत्पादन मिति : २०७४/०३/०१(2017/06/15 AD)
– अनुमानित लागत : १२.२८ अर्व
– आ.व.२०७१ सम्मको खर्च : ने.रु. १,५७,७८,०६,४९६.८५

यस आयोजनाको निर्माण कार्यलाई मुख्य तीनवटा लटहरुमा विभाजन गरिएको छ भने सुपरिपेक्षणको लागि परामर्शदाता नियुक्ति गरिएको छ ।

लट नं. १ सिभिल-हाइड्रोमेकानिकल कार्य

लट नं. २ इलेक्ट्रोमेकानिकल कार्य

लट नं. ३ प्रसारण लाईन कार्य

## २.२ लट नं. १:सिभिल तथा हाईड्रोमेकानिकल कार्य

यस लट अन्तर्गत बाधँ, इन्टेक, डिस्याण्डर, मुख्य सुरुङ्ग, सर्ज टयाङ्क, इमरजेन्सी भल्भ, पेन स्टक र इन्टेक गेट जस्ता सबै प्रमुख सिभिल तथा हाईड्रोमेकानिकल कार्यहरुको निर्माण पर्दछ ।

ठेकदारको नाम : Guangxi Hydroelectric Construction Bureau

ठेक्का सम्झौता मिति : २०७०/०९/१७(2014/01/01 AD)

निर्धारित सम्पन्न मिति : २०७४/०२/२६(2017/06/09 AD)

सम्झौता रकम :यू.एस.डलर६२,०९१,६७४।१४+ ने.रु.२,५७९,४०७,९७८।००

## २.३ लट नं.२ : ईलेक्ट्रोमेकानिकल कार्य

यस लट अन्तर्गत आयोजनाको मुख्य मेशिन उपकरणहरु जस्तै टर्वाइन, जेनेरेटर, ट्रान्सफरमर, स्वीचगीयर, भल्व, गर्भनर र सो संग संम्वन्धित उपकरणहरुको डिजाइन, जडान, परिक्षण र कमिसनिङ्ग कार्य पर्दछन ।

ठेकेदारको नाम : एन्ड्रिज हाईड्रो प्राईभेट लिमिटेड, भारत

ठेक्का सम्झौता मिति : २०७१/०३/२६ (2010/07/10AD)

निर्धारित सम्पन मिति : २०७४/०२/२६(2017/06/09 AD)

सम्झौता रकम : यू.एस.डलर २०,४६१,२५३।६७+ ने.रु.४०७,०४४,४१७।८७

## २.४ लट नं. ३ : प्रसारण लाईन कार्य

यस लट अन्तगर्त विद्युतगृहको स्वीचयार्ड देखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित बाह्रविसे २२० के.भी हव सम्मको ४ कि.मी प्रसारण लाईन र सो सँग सम्बन्धित उपकरणहरुको डिजाइन, निर्माण, परिक्षण र कमिसनिङ्ग कार्यहरु पर्दछ । यसको अध्ययनको लागि अनुमति प्राप्त भईसकेको छ ।

## २.५ निर्माण सुपरिवेक्षण परामर्शसेवा कार्य

यसको अन्तर्गत आयोजनाको अन्तिम डिजाइन लट नं १ र २ को निर्माण सुपरिवेक्षण आदि परामर्शसेवा पर्दछन् ।

| | |
|---|---|
| परामर्शदाता नाम | : लाम्हमेर इन्टरनेशनल, जर्मनी |
| सम्झौता मिति | : २०६९/०७/१९(2012/11/04 AD) |
| निर्धारित अवधि | :७६ महिना |
| सम्झौता रकम | : यू.एस.डलर ५,००५,८६७।२३ + ने.रु.१६७,१३७,१७०।०० |

## २.६ भौतिक पूर्वाधारहरु

### २.६.१ भवनहरु निर्माण

आयोजना निर्माण स्थलमा कम्पनी र परामर्शदाताहरुको लागि आवश्यक अफिस एवं आवश भवनहरुको निर्माण कार्य भईरहेको छ । महाभूकम्पको बेला क्षति भएको भवनहरुको मर्मत कार्य सम्पन्न भई अन्य बाँकी भवनहरुको निमार्ण पनि अन्तिम चरणमा छ ।

### २.६.२ प्रवेशमार्ग

अडिट-१ सम्म पुग्ने प्रवेश मार्गको निर्माण कार्य सम्पन्न गरी सुरुङ्ग निर्माणको कार्य भईरहेको छ ।

अडिट-२ को रोड निर्माण कार्य सम्पन्न भई सञ्चालन भईसकेको छ । हाल Drainage वर्क भइरहेको छ र May 2016 सम्म सम्पन्न भईसकिने छ ।

## खण्ड ३ : आ.व. २०७२ र ७३ मा संचालित क्रियाकलापहरु

### ३.१ लट नं. १ : सिभिल तथा हाइड्रोमेकानिकल कार्य

आ.व. २०७१/७२ मा मूख्य सिभिल तथा हाइड्रोमेकानिकल कार्यको ठेक्का सम्झौता Guanxi Hydroelectric Construction Bureau, China सँग मिति २०७० पुष १७ गते तद अनुसार जनवरी १, २०१४ मा सम्पन्न भई ठेकेदार कम्पनी साइट मोविलाइज भइसकेको छ । ठेकेदार कम्पनीले आयोजनाको कार्य शुरु गर्नका लागि पूर्वाधारका कार्यहरु जस्तैः स्टाफका लागि क्याम्प, व्याचिङ्ग प्लान्टको निर्माण कार्य , ल्यावोरेटोरि भवन निर्माण, सर्ज टैंक जाने बाटो निर्माण तथा अडिट २ जाने बाटोको निर्माण कार्य सम्पन्न गरिसकेका को छ । अडिट २ र हेडरेस टनेल इनलेटबाट हेडरेस शुरुङ्ग खन्ने कार्य शुरु भईसकेको छ भने अडिट-१ जाने बाटो सम्पन्न गरी अडिट-१ बाट पनि सुरुङ्गको कार्य थालिने भएको थियो । यसका साथै पावर हाउसको लागि excavation को कार्य थाल्न बाटो निर्माण गरिसकेको छ । महाभूकम्पको कारण स्थगित सिभिल कार्य हाल सञ्चालन भएको छ ।

### ३.२ लट नं. २ : इलेक्ट्रोमेकानिकल कार्य

यस लट अन्तर्गत इलेक्ट्रो मेकालिकलको कार्य ठेकेदार श्री एन्ड्रिज हाइड्रो प्रा.लि. बाट भइरहेको छ । हाल Design and Manufacturing को कार्य भईरहेको छ ।

### ३.३ लट नं. ३ :प्रसारण लाइन कार्य

यस लट अन्तर्गत यस बर्षमा मध्य भोटेकोशी पावर हाउसबाट ने.वि.प्रा को प्रस्तावित २२० के.भी.बाह्रविसे हवसम्मको ट्रान्समिशन लाईनको लागि अनुमति लिइ सकेको र सो कार्य को लागि संभाब्यता अध्ययन शुरु गर्ने भएको छ ।

### ३.४ निर्माण सुपरिवेक्षण परामर्शसेवा

आयोजनाको आयोजना व्यवस्थापन र निर्माण सुपरिवेक्षण कार्य Lahmeyer International, Germany in Association with Total Management System बाट जारी रहको छ ।

### ३.५ कार्यकारी प्रमुख सहितको व्यवस्थापन समूह

कम्पनी र आयोजनाको दैनिक प्रशासन हेर्न प्रमुख कार्यकारी अधिकृतमा श्री बिजय लाल श्रेष्ठ नियुक्ति गरिएको छ ।

### ३.६ भौतिक पूर्वाधारहरु

३.६.१ प्रवेशमार्ग

अडिट-१ सम्म पुग्ने प्रवेश मार्गको निर्माण कार्य सम्पन्न गरी सुरुङ्ग निर्माणको कार्य भईरहेको छ ।

अडिट-२ को रोड निर्माण कार्य सम्पन्न भई सञ्चालन भईसकेको छ। हाल drainage को कार्य भईरहेको छ।

३.६.२ भवनहरुनिर्माण

आयोजना निर्माण स्थलमा कम्पनी कर्मचारी र परामर्शदाताहरुको लागि आवश्यक अफिस एवं आवश भवनहरुको निर्माण कार्य भैरहेको छ। महाभूकम्पको बेला क्षति भएको भवनहरुको मर्मत कार्य सम्पन्न भई अन्य बाँकी भवनहरुको निमार्ण पनि अन्तिम चरण छ।

३.६.३ पुल निर्माण

आयोजनको निर्माणको लागि अरनिको राजमार्गको करिव ३३० मीटर डाईभर्सन गर्नु पर्ने हुदाँ भोटेकोशी नदीमा २ वटा वेलीव्रीज निर्माणको को कार्य भइरहेको छ।

३.६.४ जग्गा अधिग्रहण

चालू आर्थिक वर्षमा आयोजनाको संरचनाहरुको निर्माणको लागि बाँकी रहेको जग्गा अधिग्रहण कार्यको प्रकृया पूरा गर्ने लक्ष्य रहेको छ । यसै गरी प्रसारण लाईन निर्माणको लागि आवश्यक जग्गा अधिग्रहणको लागि प्रारम्भिक कार्य शुरु गरिनेछ।

# खण्ड ४ : कार्यान्वयनको अवस्था

## ४.१ लट नं. १: सिभिल तथा हाईड्रोमेकानिकल कार्य

महाभूकम्प पछि control points फरक पर्न सक्ने हुनाले MBJCL को team र GHCB team ले co-ordinate check को लागि survey सम्पन्न गरेको छ Diversion Tunnel, Headrace Tunnel , Contractor's temporary facilities, Adit1, Adit 2 प्रवेश मार्ग र पावरहावसको निर्माण कार्यको अवस्था निम्न बमोजिम छ ।

- Diversion Tunnel

Diversion Tunnel invert को cleaning work 28th April 2016 मा देखि पुनः शुरु भएको छ । महाभूकम्प अघि भएको कार्य अवस्था निम्न बमोजिम छ ।

Diversion Tunnel को सम्पूर्ण खन्ने कार्य सम्पन्न गरी wiremesh , shotcrete र rockbolt को कार्य April 2015 मा सम्पन्न गरिसकेको थियो । तर Tunnel Inlet को तल्लो ३ मीटर भाग Diversion Tunnel को invert concrete , inlet र outlet portal को निर्माण कार्य सकिए पछि मात्र excavation गर्ने गरी protection को लागि coffer dam को रुपमा छोडिएको थियो ।

- HRT Inlet

महाभूकम्प पछि यो काम April 23rd 2016 मा शुरु भएको छ । पहिलो blast April 23rd 2016 मा भएको छ । महाभूकम्प अघि भएको कार्य अवस्था निम्न बमोजिम छ ।

HRT को inlet मा crushed rock भएकोले 6m लामो 28mm dia को 500 mm c/c मा 21 वटा forepoling राखेर slope stable गराइएको थियो । यसरी शुरुङ्गको 20m भागमा खन्ने काम गरी Steel Rib HEB 120 राख्ने काम 30th March 2015 मा शुरु गरी 24th April 2015 सम्म 19 वटा ribs install गरिसकेको थियो ।

- साईट नं. ३ ( हेडवर्क्सको व्याचिङ्ग प्लान्ट)

Batching plant को सम्पूर्ण कार्य सम्पन्न भई हाल यसलाई सञ्चालनमा ल्याइसकेको छ ।

- साइट नं. ४ ( हेडवर्क्सको लेवर क्याम्प )

यो site मा April 2016 मा कुनै कर्य भएको छैन । महाभूकम्प अगाडिको भएको कार्यहरु निम्न छन ।

यस अर्न्तगत अरनिको राजमार्ग Diversion road 18th Jan, 2015 मा सम्पन्न गरी राजमार्ग Divert गरिएको थियो । Generation र Diesel Tank को लागि Shed निर्माण

कार्य सम्पन्न भएको थियो । Cement Storage shed निर्माण कार्य 25th April, 2015 मा सम्पन्न भइसकेको थियो

- साईट नं. ५ (लेवर क्याम्प , जेनेरेटर र Air Compressor जडान)

यस साइटमा हाल पुनर्स्थापनाको कार्य भईरहेको छ । महाभूकम्प अघिका कार्यहरु यस प्रकारका छन ।

Labour Camp building 9th feb,2015 मा शुरु गरी March, 2015 मा सम्पन्न भई 20th March, 2015 देखि प्रयोगमा आउन थालेको थियो । Air Compressor र Generator को लागि Shed निर्माण April 2015 मा गर्ने भएता पनि 25th April, 2015 को भूकम्प अगाडि केही हुन सकेन । Protection Wall र drainage Stone masonry को कार्य April, 2015 मा सम्पन्न भएता पनि भूकम्पको वेला road side Stone Masonary को retaining Wall damage भै backfilled ground मा cracks देखिएको छ ।

- साईट नं. ६ (लेवोरेटरी विल्डिङ )

यस साइट अर्न्तगत Site Laboratory को Civil संरचनाहरु पूर्ण रुपमा ध्वस्त पारेकोले अन्यत्र सारी पूनः निर्माण गरिदै छ । नयाँ लेवोरेटरी विल्डिङको block वाल April 2016 मा सम्पन्न भएको छ । वाल plaster April 2016 मा शुरु गरी 24th April 2016 मा सम्पन्न भएको छ । Floor gravel leveling र PCC Concreting को कार्य April 2016 मा सम्पन्न भएको छ । CGI sheet छानामा जडान गर्ने कार्य 21st April 2016 देखी शरु गरिएको छ र हाल सम्पन्न हुन बाँकी छ । महाभूकम्प ले बिगारेको Testing Equipement procure र mobilize हुन बाँकी छ ।

- साईट नं. ७ (अडिट १ लेवर क्याम्प)

GHCB ले पहिलेको Location भिरालो Topography को कारणले labour Camp नबनाउने निर्णय गरी Adit 1 को नजिक नयाँ location मा April 2016 देखि leveling को कार्य सकी foundation excavation को कार्य भईरहेको छ । लेबर क्याम्पको footstep को stone massonary कार्य सम्पन्न भएको छ । Retaining stone pitching कार्य 20th April 2016 मा शुरु भई 30th April 2016 मा सम्पन्न भएको छ ।

- साईट नं. ८ (अडिट नं. १ लेवर क्याम्प, जेनेरेटर र Air Compressor जडान)

यस अर्न्तगतको कार्य अडिट १ को रोड कार्य सम्पन्न भए पछी शुरु गरीने योजना थियो । अडिट -१ मा बाटो पुगिसकेको थियो । लेवर क्याम्पको लागि पहिले मागेको साईट उपयुक्त नभएकोले नयाँ ठाँउ मागिएको छ । यो April 2016 मा कुनै कार्य हुन सकेको छैन ।

- साईट नं. ९ (म्यानेजमेन्ट अफिस क्याम्प)

यस अर्न्तगतका सबै क्याम्पहरु 15th Nov, 2015 मा निर्माण सम्पन्न भइ सञ्चालनमा पनि आएको छ । लोकल स्टाफ, ड्राइभर र साईट Clinic Building को निर्माण कार्य पनि 23th

Feb, 2015 मा सम्पन्न भइसकेको छ । महाभूकम्पको कारण यो साइट आंशिक रुपले क्षति भएको थियो तर हाल मर्मतको कार्य सम्पन्न भएको छ ।

- साइट नं. १० (पावर हाउस क्रसिङ र ब्याचिङ प्लान्ट)

Aggragete Crushing Processing Plant पुनः स्थापना भईसकेको छ । Site no.10 को Concrete Batching Plant अन्य ठाउँमा relocate गर्नु पर्ने छ । अरु Temporary facilities जस्तै steel reinforcement processing work shop र oil depot पुनः स्थापित गरी सुचारु भईसकेको छ । महाभूकम्प अघिको कार्यहरु यस प्रकारका छन ।

River Bank edge को gabion protection र Ground leveling 28th March ,2015 मा सम्पन्न भएको छ थियो । लेवर क्याम्प पनि निर्माण सम्पन्न भइसकेको थियो । Aggregate Storage system को masonary partition Wall, cement र fly- ash silos को लागि foundation excavation कार्य सम्पन्न भएको थियो । Batching Plant foundation मा C20 grade concrete work 27th March 2015 शुरु गरी 10th April, 2015 मा सम्पन्न भएको थियो । Aggregate processing plant foundation मा C30 Grade concreting work 28th Jan, 2015 मा शुरुवात गरिएको थियो र सम्पन्न हुन बाँकी थियो । Muck disposal area M4 ठेकेदारलाई हस्तान्तरण गरी उक्त साईटमा पुग्ने प्रवेश मार्ग 28th March,2015 मा सम्पन्न भइसकेको थियो ।

- साइट नं. ११(अडिट २ लेवर क्याम्प)

यस अर्न्तगत लेवर क्याम्प निर्माण कार्य 24th Jan, 2015 मा शुरु गरि 14th April 2015 सम्पन्न भइसकेको थियो र 21st,March 2015 देखि सञ्चालनमा पनि आएको थियो । महाभूकम्प पछि सञ्चालनमा नआएको क्याम्प महाभूकम्पले कुनै क्षति नभएकोले सो क्याम्प हाल सञ्चालनमा ल्याएको छ ।

- साईट नं. १२ (अडिट २ लेवर व्याम्प, जेनेरेटर र Air Compressor जडान)

भूकम्पले आंशिक रुपमा क्षति भएको संरचनाहरुको मर्मत कार्य सम्पन्न भई हाल पुनः संञ्चालनमा ल्याएको छ । महाभूकम्प अघिका कार्यहरु यस प्रकारका छन ।

यस अर्न्तगत Skill चाइनिज लेवरको लागि Pre-fabricated bulding निमार्ण सम्पन्न भई सञ्चालनमा आएको थियो । Hollow block labour building र Repair workshop निर्माण सम्पन्न भएको थियो । भान्छा घर र Boundary Wall 1st April, 2015 मा सम्पन्न भएको थियो र Main Steel Gate Installation को कार्य भइरहेको थियो ।

- साइट नं. १३ (अरनिको राजमार्गको डाईभर्सन)

आयोजना निर्माणको लागि करिव ३०० मी.डाइभर्सन गर्नु पर्ने हुँदा भोटेकोशी नदीमा २ वटा वेलीब्रीज निर्माण गरी राजमार्ग डाईभर्सन गर्ने कार्य भइरहेको छ । Up-stream र Down stream abutment दुबै river bank को foundation excavation कार्य सम्पन्न

भइ हाल D/S Left Bank Bailey Bridge Foundation मा C25 ग्रेडको Concreting Work 1st April 2016 मा शुरु गरीएको र Structural C25 ग्रेड Concrete work El 923 m मध्य El 917.3m सम्म April 2016 को अन्तिममा सम्पन्न भएको छ । D/S right Bank Bailey Bridge को Structural C25 ग्रेड Concrete work 1st April 2016 मा शुरु गरी El 923..0 m मध्य El 914.90m सम्म April 2016 को अन्तिममा सम्पन्न भएको छ । U/S left Bank Bailey Bridge को Structural C25 ग्रेड Concrete work 13th April 2016 मा शुरु गरी El 929.5 m मध्य El 927.30m सम्म April 2016 को अन्तिममा सम्पन्न भएको छ । U/S right Bank Bailey Bridge को Structural C25 ग्रेड Concrete work 26th April 2016 मा शुरु गरी El 929.5 m मध्य El 923.80m सम्म April 2016 को अन्तिममा सम्पन्न भएको छ ।

- साइट नं. १४(Lot 2 लेवर व्याम्प Equipement Storage Area )

यस अर्न्तगत backfilling को कार्य March 2016 देखि शुरु गरिएको छ र सम्पन्न हुन बाँकी छ ।

- साइट नं. १५ (पावर हाउस लेवर क्याम्प)

यस अर्न्तगतको कार्य शुरु भएको छैन ।

- साइट नं. १६ (लेवर क्याम्प)

यस अर्न्तगत April 2016 महिनामा काम शुरु भएको छैन । भूकम्प अघि लेवर क्याम्प 30th Nov, 2014 देखि शुरु गरिएको थियो । 8th Dec, 2014 देखि यस साइटको काम शुरु भएको छैन । 10 T Capacity को Dump Truck site मा आएपछि मात्र काम शुरु हुने भएको छ ।

- साइट नं. १७ (लेवर क्याम्प)

यस अर्न्तगत लेवर क्याम्पको ground excavation र leveling कार्य April 2016 मा सम्पन्न भएको छ । बिल्डिङ्गको Foundation excavation 16th April 2016 मा शुरु गरिएको छ र सम्पन्न हुन बाँकी छ ।

- Adit 1 Access Road

अडिट-१ सम्म पुग्ने प्रवेश मार्गको निर्माण कार्य सम्पन्न गरी सुरुङ्ग निर्माणको कार्य भईरहेको छ ।

- Adit 2 Access Road

अडिट-२ को रोड निर्माण कार्य सम्पन्न भई सञ्चालन भईसकेको छ । हाल drainage को कार्य भईरहेको छ ।

- Adit 2

Adit 2 access tunnel excavation को कार्य 10th April 2016 मा पुनः शुरु गरिएको थियो। Tunnel excavation work कार्य 22.7 m सम्म सकिएको छ (chainage 36.5- देखि शुरु गरी chainage 59.2m)साथै 145 वटा 4 m dia को 25 वटा rock bolt drilling ,15 cm thick shotcreting र wire mesh 368.44sq m सम्पन्न भएको छ । Adit 2 को blasting vibration test 27th र 28th April 2016 मा सम्पन्न भएको छ । Velocity 0.1m/sec आएको थियो जसले local structure घरहरुलाई कुनै क्षति पारेको छैन ।

- Surge Tank

Surface excavation को कार्य 17th April 2015 मा शुरु गरि रहेको थियो । महाभूकम्प पछि सो कार्य पनि सुचारु हन सकेको छैन ।

- Power house

पावरहाउस Top bench slope excavation 8th March 2016 देखि शुरु भएको छ । Top slope excavation को कार्य April 2016 को अन्तिम सम्म El 996.62m दखि 985m सम्पन्न भएको छ । El 996.62m दखि 985 m को Top slope wire mesh र dry shotcreting कार्य 24th April 2016 देखि शुरु गरेको छ र सम्पन्न हुन बाँकी छ । 38 वटा 3m लम्बाईको 50 mm dia PVC perforated pipe geotextile memberane संग wrap गरी 24th April 2016 मा installed गरिएको छ । 33 kv transmission लाइन लाई Powerhouse पर्ने एरियाबाट re- route गरिएको छ । 11 kv लाइन पनि April 2015 मा सारिने योजना थियो तर महाभूकम्पको कारण यो काम हुन सकेन ।

## ४.२ लट नं.२ : इलेक्ट्रोमेकानिकल कार्य

यस लट अन्तर्गतको ठेकेदार श्री एन्ड्रिज हाइड्रो प्रा.लि.संग मिति १० जुलाई २०१४ मा ठेक्का सम्झौता भई हाल Design Drawing Submit र approval को कार्य भईरहेको छ । Generator र Turbine manufacturing process मा छन ।

## ४.३ लट नं. ३ :प्रसारण लाइन कार्य

यस लट अन्तर्गत मध्य भोटेकोशी पावर हाउसबाट ने.वि.प्रा को प्रस्तावित २२० के.भी. बाह्रविसे हवसम्मको ट्रान्समिशन लाईनको लागि नेपाल विद्युत प्राधिकरण, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र Upper Chaku बिच co-ordination कमिटीको meeting सम्पन्न भएको छ । प्रसारण लाईनको सर्भे तथा अध्ययनको कार्य शरु गर्न सर्वेक्षण अनुमति पत्र प्राप्त भईसकेको छ । प्रसारण लाईनको सम्भाब्यता अध्ययनको लागि परामर्श सेवाको लागि पहल भइरहेको छ ।

## ४.४ निर्माण सुपरिवक्षण परामर्श सेवा

परामर्शदाताको मुख्य विशेषज्ञ इन्जिनियरहरु आयोजनाको कार्यमा संलग्न भइसकेको छन् । हाल परामर्शदाता "The engineer" को हेसियतले आयोजनाको सिभिल डिजाईन को Approval दिने कार्यमा संलग्न छन् । Team Leader लगायत अन्य कर्मचार site office मा mobilize भई काम गरिहेका छन ।

४.५ भवनहरु निर्माण

आयोजना निर्मण स्थलमा कम्पनी र परामर्शदाताहरुको लागि आवश्यक १० भवनहरुको निर्माण कार्य भैरहेको छ । यस अन्तंगत कार्यहरुको स्थिति निम्न बमोजिम रहेको छ ।

- अफिस विल्डिङ्ग (दुई तल्ले)
  - ➢ यस अर्न्तगत अफिस विल्डिङ्ग को निर्माण कार्य सम्पन्न भैसकेको र सञ्चालनमा पनि आईसकेको छ ।
- गेस्ट विल्डिङ्ग (दुई तल्ले)
  - ➢ यस विल्डिङ्ग अन्तर्गत सम्पूर्ण निर्माण कार्य सम्पन्न भैसकेको छ र सञ्चालनमा पनि आईसकेको छ । यस भवनमा परामर्शदाताहरुको लागि आवाशको व्यवस्था मिलाइएको छ
- ईन्जिनियरिङ विल्डिङ्ग १ (तीन तल्ले)
  - ➢ यस विल्डिङ्ग अन्तर्गत सम्पूर्ण निर्माण कार्य सम्पन्न भैसकेको र सञ्चालनमा पनि आईसकेको छ ।यस भवनमा आयोजनाको कर्मचारीहरुको आवशको व्यवस्था मिलाइएको छ ।
- प्रोजेक्ट म्यानेजर विल्डिङ्ग (दुई तल्ले)
  - ➢ यस अन्तर्गत प्रोजेक्ट म्यानेजर विल्डिङ्ग को निर्माण कार्य सम्पन्न भैसकेको छ र हस्तान्तरणको लागि ठेकदारले पेश गरेको छ ।
- डोरमेटरी विल्डिङ्ग १(तीन तल्ले)
  - ➢ यस अर्न्तगत भूकम्पले गर्दा Ground floor को wall भूकम्पले गर्दा पूर्णरुपले क्षति ग्रस्त थियो र हाल वाल लगाई Plaster को कार्य सम्पन्न भएको छ । Painting र aluminium window को कार्य भईरहेको छ ।
- ईन्जिनियरिङ विल्डिङ्ग २ (तीन तल्ले)
  - ➢ यस विल्डिङ्ग अन्तर्गत सम्पूर्ण कार्य सम्पन्न भैसकेको छ र सञ्चालनमा पनि आईसकेको छ ।
- डोरमेटरी $D_2$

➢ पहिले तल्ला र दोस्रो तल्लाको slab ढलान भइसकेको छ र wall partition को कार्य भईरहेको छ ।

- मेस विल्डिङ्ग

➢यस अर्न्तगत slab ढलान को कार्य सकी wall partition को कार्य भईरहेको छ ।

- क्याफे विल्डिङ्ग

➢यस अर्न्तगत slab ढलान को कार्य सकी wall partition को कार्य भईरहेको छ ।

- गार्ड विल्डिङ्ग

➢यस अर्न्तगत slab ढलान को कार्य सकी wall partition को कार्य भईरहेको छ

४.६ क्याम्प प्रोटेक्सनको कार्य

➢ क्याम्प एरियामा बनेका संरचनाहरुलाई जोगाउन रिटेनिङ्ग स्टक्चरहरु निर्माण गर्नु पर्ने हुदा चारवटा प्याकेज सिलबन्दी कोटेसनद्वारा आवहान गरी निम्न ठेकदारसंग ठेक्का सम्झौता गरी सबै कार्य सम्पन्न समेत भईसकेको छ ।

१) सीता देबी निर्माण सेवा

२) बी.स निर्माण सेवा

३) टुङ्ग टुङ्ग माहादेब निर्माण सेवा

४) सुसमा कन्सट्रसन प्रा.लि

४.७ पुल निर्माण

➢ आयोजनको निर्माणको लागि अरनिको राजमार्गको करिव ३३० मीटर डाईभर्सन गर्नु पर्ने हुदाँ भोटेकोशी नदीमा २ वटा वेलीव्रीज निर्माण गरी राजमार्ग डाईभर्सन गर्ने कार्य भइरहेको थियो । अप स्ट्रीमको दायाँ बायाँ दुबैतिरको Abutment मा concrete को कार्य सम्पन्न भएको थियो तर डाउन स्ट्रीम concrete कार्य हुन बाकी थियो । भुकम्प पछि सम्पूर्ण कार्य स्थगित छ ।

४.८. जग्गा अधिग्रहण

➢ चालू आर्थिक वर्षमा आयोजनाको संरचनाहरुको निर्माणको लागि बाँकी रहेको जग्गा अधिग्रहण कार्यको प्रकृया पूरा गर्ने लक्ष्य रहेको छ । हाल सम्म ७६.७० % जग्गाको मुवाब्जा दिईसकेको छ भने ९९.०२% घर, गोठ एवं टहराहरुको क्षतिपुर्ती रकम भुक्तानी दिईसकेको छ । यसै गरी प्रसारण लाईन निर्माणको लागि आवश्यक जग्गा अधिग्रहणको लागि प्रारम्भिक कार्य शुरु गरिनेछ ।

४.९ सरकारी वन क्षेत्रको स्वीकृती

➢आयोजना निर्माणको लागि आवश्यक पर्ने १४.६९ हेक्कटर सरकारी वन क्षेत्र र सो मा रहेको रुख विरुवा कटानको स्वीकृतीको लागि आवश्यक प्रकृया अगाडी बढाई सकिएको छ । सो मध्ये सामुदायिक वन रहेको १०.११ हेक्कटर जग्गाको भोगाधिकार स्वीकृति तथा उक्त क्षेत्रमा पर्ने रुख विरुवा कटानको अनुरोध सहितको file वन विभागद्धारा सवै प्रकृया पुरयाई

वन मन्त्रालयमा पेश गरिएको छ भने आयोजना प्रयोजनको लागि गौरीशंकर संरक्षण क्षेत्र आयोजना भित्र रहेको ४.५८ हेक्कटर वन क्षेत्रको भोगाधिकार अनुरोधको file गौरीशंकर संरक्षण क्षेत्र आयोजना कार्यलय, दोलखाबाट आवश्यक प्रकृया अगाडी बढाउन राष्टिय प्रकृति संरक्षण कोषमा पेश गरिएको छ ।

# ५ : मुख्य समस्याहरु

## ५.१ स्थानिय समस्याहरु

- आयोजनाको बाँध निर्माण स्थल चाकु गाउँबाट निकै नजिक भएको हुँदा स्थानिय समस्या निकै रहेको र हाल सम्म मार्मिङ्ग गा.वि.स. मा जग्गा प्राप्तिको कार्य पुरा भइसकेको छैन ।
- बोर्डर ल्याण्ड रिसोर्टसँग छिटो भन्दा छिटो issue हरु समाधान गरी काम गर्ने वातावरण सहज बनाउनु पर्ने छ ।
- Power house area मा रहेको ११ के.भी लाइन re route गर्नको लागि pole हरु खरिद गरिसकेको तर re route गर्ने कार्य सम्पन्न भईनसकेको स्थिति छ ।

# खण्ड ६ : निर्माण समयतालिका र लागत अनुमानसम्बन्धी

## ६.१ निर्माण समय तालिका

नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद–बिक्री सम्झौता अनुसार व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) २०७४/०३/०१ (2017/06/15) रहेको छ ।

आयोजनाको विभिन्न ठेकेदारहरुबाट निजहरुको निर्माण समयतालिका लिई आयोजनाको पछिल्लो कार्य प्रगति अनुसार आयोजनको संशोधित समय तालिका बनाउने कार्य भईरहेको छ । पहिले तय गरिएको समय तालिका अनुसूचि–३ मा प्रस्तुत गरिएको छ ।

## ६.२ लागत अनुमान

यस आयोजनाको लागत अनुमान  ने.रु १२ अर्ब २८ करोड रहेको छ ।

# खण्ड ७ : कर्मचारी र सांगठनिक ढाँचा

कम्पनी, आयोजना कार्यालय, परामर्शदाता र ठेकेदार कम्पनीहरुमा कार्यरत कर्मचारीहरुको विवरण निम्न तालिकामा दिइएको छ :-


| | कम्पनी/आयोजना कार्यालय | | परामर्शदाता | | | ठेकेदार | |
|---|---|---|---|---|---|---|---|
| | प्राविधिक | प्रशासनिक | विदेशी | स्वदेशी | काउण्टरपार्ट * | विदेशी | स्वदेशी |
| संख्या | १४ | ४८ | १ | १० | ११ | ४० | १६४ |
| **जम्मा** | **६२** | | **२२** | | | **२०४** | |

* काउण्टरपार्ट भन्नाले कम्पनीको तर्फबाट परामर्शदातामा खटिएका कर्मचारीहरु हुन् ।


| विवरण | कम्पनी र आयोजना कार्यालय (क) | परामर्शदाता | | | कूल जम्मा (क) + (ख) |
|---|---|---|---|---|---|
| | | काउण्टरपार्ट कर्मचारी | परामर्शदाता | जम्मा (ख) | |
| **इञ्जिनियर** | १० | ६ | ५ | ११ | २१ |
| **जियोलोजिष्ट** | – | १ | १ | २ | २ |
| **सर्भेयर** | – | १ | – | १ | १ |
| **वातावरण तथा PR** | १ | – | – | – | १ |
| **करार विशेषज्ञ** | १ | – | १ | १ | २ |
| **लेखा अधिकृत** | २ | – | १ | १ | ३ |
| **प्रशासनिक अधिकृत** | २ | – | १ | १ | ३ |
| **टेक्निसियन** | ३ | – | – | – | ३ |
| **अन्य सहयोगी कर्मचारी** | ४३ | ३ | २ | ५ | ४८ |
| | **६२** | **११** | **११** | **२२** | **८४** |

कम्पनी सञ्चालक समिति मिति २०७०/०३/१९ को ६५ औं बैठकबाट स्वीकृत भएको कम्पनी आयोजनाको संशोधित साँगठनिक ढाँचा देहाय बमोजिम रहेको छ :-

## Organizational Chart of the Corporate Office



# Organisational Chart of the Project Office



# खण्ड ८ : विविध

## ८.१ निर्माणस्थलका फोटोहरु

महाभूकम्पको कारण क्षतिग्रस्त भइ हाल मर्मत गरिरहेका भवनहरुको केहि संरचनाहरुको फोटोहरु अनुसूचि –४ मा संलग्न गरिएको छ । Lot 1 ठेकदार अर्न्तगत यो महिना केही कार्य हुन नसकेकोले फोटोहरु राखीएको छैन ।

## ८.२ वातावरण सम्बन्धी भएका कार्यहरु

आर्थिक वर्ष २०७२/७३ मा वातावरणीय व्यवस्थापन तथा वातावरणीय प्रभाव न्यूनीकरणका कार्यक्रम अन्तर्गत यस आ.व.को लागि छनौट गरिएका कार्यक्रमहरु कार्यन्वयन चरणमा रहेका छन् । यस्तै आयोजनाको निर्माणबाट विस्थापित हुन सक्ने घरपरिवारको पुनर्स्थापनाको कार्यक्रमलाई अगाडि बढाइएको छ ।